# त्रिपुर नगरपालिकाको विविध निर्णयहरू

**निर्णय नं. १**

त्रिपुर नगरपालिका दाङको आ.व २०७४/०७५ मा निम्न अनुसारको बजेट तथा कार्यक्रमहरू नगरपरिषद्बाट स्वीकृत गर्ने निर्णय गरियो । (अनुसुचि १ मा संलग्न छ)

**निर्णय नं. २**

त्रिपुर नगरपालिकाको तेश्रो नगर परिषदको अवसरमा ह्यो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने माननिय पूर्व सामान्य प्रशासन मन्त्री तथा व्यवस्थापीका संसद सदस्य श्री रेखा शर्मा ज्यू विशिष्ट अतिथि ज्यू विशेष अतिथिज्यूहरू, सम्पूर्ण अतिथिज्यूहरू, सरकारी कार्यलय, गैर सरकारी संघ/संस्था, दातृ निकाय, नागरिक समाज तथा निजी क्षेत्रका प्रमुख तथा प्रतिनिधि ज्यूहरू पत्रकारहरू लगायत सम्पूर्ण उपस्थित महानुभावहरूलाई धन्यवाद ज्ञापन गरियो ।

**निर्णय नं. ३**

नगरपालिकामा.गठित विभिन्न समिति, तथा उप समितिहरूले गरेका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

चालु आ.व. २०७३/०७४ मा संचालन गर्न छनौट भएका योजना तथा कार्यक्रमहरूको परिमार्जित खरिद योजना र आगामी आ.व. २०७३/ २०७४ को लागि तयार गरिएको ्स्वीकृत खरिद योजनाहरू अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

आगामी आ.व. २०७४।०७५ का लागि देहाय बमोजिमको मिति २०७३। ०८। २०गते बसेको राजश्व परामर्श समितिले सिफारिस गरेको कर, दस्तुर, शुल्कका दरहरू र आगामी आ.ब.मा प्राप्त हुन सक्ने अनुमानित आय ( अनुसूची २ मा भए वमोजिम)लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

गत आ.व. २०७२।०७३ को म.ले.प. प्रतिवेदन नगर परिषद्मा पेश भई छलफल हुँदा अन्तिम लेखा परिक्षणबाट कायम हुन आएको बेरूजु स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम २०६ को घ बमोजिम फछर्यौट तथा नियमित गर्ने गरी आ.व. २०७२।०७३ को म.ले.प. प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

आगामी आ.व. २०७४।०७५ का लागि तपशिल बमोजिमका गैर सरकारी संस्थाबाट प्रस्तावित कार्यक्रम तथा बजेट स्वीकृत गरियो ।

**तपिशल**

| सि नं | **नगरपालिका भित्र कार्यरत गैर सरकारी संस्थाहरु** | **कैफियत** |
|---|---|---|
| १ | अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च | |
| २ | जनउत्थान समाज विकास केन्द्र | |
| ३ | व्यकबार्ड सोसाईटी एजुकेशन (बेस) | |
| ४ | नेपाल जलबायु परिर्वतन सहयोग कार्यक्रम | |
| ५ | लघु उद्यम तथा सामाजिक विकास मञ्च | |
| ६ | शान्ती निर्माण र विकासका लागि सहकार्य | |
| ७ | गाउँ विकास कार्यक्रम र दिगो विकास कार्यक्रमको निरन्तरता | |

**निर्णय नं. ८**

नगरपालिकाका बाट आगामि आ.व. २०७४/०७५ मा संचालन हुन एकिकृत योजना तर्जुमा समितिको मिति २०७३/०९/१७ को निर्णयबाट सिफारीस भए बमोजिमको सम्पूर्ण योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

वस्ती भेला ,वडा भेला हुदै नगरपालिका सिफारिस भई नगरपरिषदमा पेश भएका  केन्द्रीय स्तरका योजना तथा कार्यक्रमहरू संचालनका लागि डोलिडार, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, सडक विभाग, भौतिक योजना तथा निर्माण मन्त्रालय लगायत  केन्द्रीय निकायहरूमा संचालन गरिदिनुहुन अनुरोध गरि पठाउने निर्णय गरियो । (अनुसूची ३ मा भए वमोजिम)

**निर्णय नं. १०**

नेपाल सरकारले सन २०२० सम्ममा  वाल मैत्री देश घोषणा गर्ने लक्ष्य हुदाँ सो लक्ष्य प्राप्तीका लागि त्रिपुर नगरपालिकाले सन् २०१८ भित्रमा बाल मैत्री नगरपालिका घोषणा गर्ने र सोहि अनुसारको बजेट तथा कार्यक्रम कार्यान्वियन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ११**

त्रिपुर नगरपालिका क्षेत्र भित्र बढ्दो शहरीकरणका कारण दैनिक रूपमा बृद्धि हुदै गैरहेको फोहरलाई सार्वजनिक निजी साझेदारीको अवधारण अनुसार फोहोरमैला व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

नगरपालिकाको कार्यलाई सहज र सरल बनाउनको लागि तपशिल बमोजिमको कार्यविधिहरू स्वीकृत गरी लागु गर्ने निणर्य गरियो ।

तपसिल

क) नगरपालिका पार्श्व चित्र Muncipality Profile स्वीकृत गर्ने

ख) त्रिपुर नगरपालिकाको पर्यटन विकास गुरूयोजना

ग) नगरपालिकाको वृहत्तर नगर विकास गुरूयोजना

घ) बालमैत्रि स्थानीय शासन योजना

ङ) स्थानिय विपद जोखिम व्यवस्थापन योजना

**निर्णय नं. १३**

त्रिपुर नगरपालिका क्षेत्रभित्रमा क्रियाशिल गैरसरकारी संस्थाहरूले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा गराउदा नगरपालिकाको पूर्व स्वीकृती लिएर मात्र सञ्चालन गर्ने गराउने र चौमासिक प्रतिवेदन न. पा. मा पेश गर्नु पर्ने नियम लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

त्रिपुर नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, पुरातात्विक महत्वका सार्वजनिक स्थल क्षेत्र ताल तलैया मठ मन्दिर ऐलानि जग्गाहरूको लगत अध्यावधिक गरी संरक्षण सम्बर्द्धन तथा पुर्वाधार विकासको लागि सम्बन्धि निकायमा अनुरोध गर्ने निर्णय गरियो । ,

**निर्णय न १५**

त्रिपुर नगरपालिका वडा नं. १ मा नगरपालिकाद्वारा PPP मोडेलमा संचालित बसपार्कको पुर्वाधार विकास गरी त्यहाबाट सञ्चालन हुने सवारी साधनहरूबाट र बसपार्कबाट आन्तरीक आम्दानी बढाउन PPP मोडल कार्यान्वयन नीति बनाई लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं १६**

त्रिपुर नगरपालिकाको बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ अनुमोदन गरी तत्काल लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

त्रिपुर नगरपालिकाको दैनिक प्रशासनिक कार्य सञ्चालन तथा विकास निर्माणका कार्यहरूलाई प्रभावकारी बनाउन निम्न बमोजिमका निर्देशिका बनाई लागु गर्ने निर्णय गरियो ।

- कर्मचारी सम्बन्धी विनियमावली
- विशेष कोष सञ्चालन निर्देशिका
- टोल विकास संस्था गठन तथा संचलान निर्देशिका
- विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका

**निर्णय नं. १८**

नगरक्षेत्र भित्र जनस्वास्थ्य प्रवर्द्धनका लागि आवश्यकता अनुसार गरिब विपन्न सिमान्कृत तथा पिछडिएको क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस नगरपालिका क्षेत्र भित्र रहेका ऐैलानी तथा प्रति जग्गाको लगत तयार गरी संरक्षण तथा संवर्द्धन गर्ने र नगरपालिकाको कुनैपनि ऐलानी तथा प्रति जग्गामा कुनैपनि किसिमका संरचना निर्माण गर्न नदिने सार्वजनिक पार्क, खेल मैदान मठ मन्दिर बनाउन हक हस्तान्तरण नहुने गरी जग्गा संरक्षण गर्न जग्गा उपलब्ध गराउन सकिने बाहेक भोगचलन गरेको कुनै सिफारीस नदिने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस नगरपालिका क्षेत्र भित्र रहेका लक्षित समुदायको सामाजिक तथा आर्थिक विकासका लाागि क्रियाशिल संघ सस्थाहरूको सञ्जाल गठन गरी क्रियाशिल गराउने निर्णय गरियो ।

**निर्णय नं. २१**

यस न पा क्षेत्रको प्रत्येक विद्यालय, वडा तथा टोलमा बाल क्लब गठन, टोल विकास सस्था गठन, दर्ता प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २२**

त्रिपुर नगरपालिका विस्तार हुदै गएको परीप्रेक्षमा यस क्षेत्रभित्र रहेका कृषि योग्य जमिनको उर्बरा शक्तिलाई ह्रास हुन नदिन कृषिमा आत्मनिर्भर वनाउने योजनाका साथ कृषि योग्य जग्गाहरूमा सिचाई सुविधा नपुग्दा सम्म कृषि क्षेत्रलाई सिंचाई प्राथामिकता राख्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

वातावरण संरक्षण गरी हरित नगरको रूपमा चिनाउन घर नक्सापासको निर्माण सम्पन्नको प्रमाण पत्र दिदा त्रिपुर नगरपालिकाको बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ बमोजिम हुने गरी मात्र गरिने निर्णय गरियो ।

**निर्णय नं. २४**

त्रिपुर नगरपालिका कार्यालयमा कार्यरत स्थानीय निकाय तथा LGCDP कार्यक्रम तर्फको सम्पुर्ण कर्मचारीहरू तपशिल बमोजिम छनौट गरी सम्मान र पूरस्कृत गर्ने निर्णय गरियो ।

श्री डिल्ली चौधरी : कार्यालय सहयोगी सर्वोउत्कृष्ट नगद रू १० हजार दोसल्ला र प्रमाणपत्र

श्री मधुसुदन बस्नेतः वडा सचिव उत्कृष्ट नगद रू ५ हजार दोसल्ला र प्रमाणपत्र

श्री विपना बर्तौला : कार्यक्रम अधिकृत LGCDP program नगद रू ५ हजार दोसल्ला र प्रमाणपत्र

का साथै  त्रिपुर नगरपालिका भित्र गत आ.व भित्र उत्कृष्ट काम गर्ने उपभोक्ता समितिको तर्फबाट श्री खैरा चोक देखि ढिकपुर हुदै चैनपुर चोक एकल घरूवा त्रिबेणी भगुवार सडक निर्माण उपभोक्ता समितिलाई रू ५ हजार दोसल्ला र प्रमाणपत्रबाट पुरस्कृत तथा सम्मान गर्ने  निर्णय गरियो

**निर्णय नं. २५**

एकिकृत सम्पत्ति कर चालु आ.व २०७३/०७४ देखिनै लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न सकिने सम्भावित क्षेत्र बहाल कर संकलनको लागि चालु आ.व २०७२/०७३ मा पहिलो चरणमा नगर क्षेत्रका घर भाडामा लिइ बसेका सरकारी कार्यालय गैरसरकारी संघ सस्था निजि विद्यालय एवम आवास प्रयोजनमा सस्थागत रूपमा भाडा प्रयोजन रहेका संरचना एवम उपयोगको विवरण लिई बहाल कर संकलन प्रकृया थालनी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

त्रिपुर नगरपालिका क्षेत्रमा गत आ.व. २०७२।०७३ मा  सम्पन्न  गरिएका सवै योजना तथा कार्यक्रमहरूको जाँच पास गरि फरफारक गरिएका सबै योजना तथा कार्यक्रमहरूको विवरण अनुमोदन गर्ने निर्णय गरियो । (अनुसूचि ३ मा समाबेश छ)

**निर्णय नं. २८**

त्रिपुर नगरको समग्र विकासको लागि  स्थानिय स्तरमा सम्पन्न वडा भेला विभिन्न संघ सस्थाको माग आवधिक योजना र नगरको दिर्घकालिन विकास लक्ष्य समेतलाई मध्य नजर गरी निम्म योजनाहरू आगामि जिल्ला विकास समितिमा पेश गर्ने निर्णय गरियो । जिल्ला परिषदमा पेश गर्ने योजनाहरूको विवरण
(अनुसूचि ४ मा समाबेश छ)

**निर्णय नं. २९**

सडक तर्फको बजेट Municipal  Transport Master Plan मा रहेका सडक पूर्वाधारमा मात्र लगानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

मिति २०७२।४।१ देखि २०७३।९।१८ गते सम्मको सवै बोर्ड बैठकको निर्णयहरू अनुमोदन गरियो ।

**निर्णय नं. ३१**

नगरपालिकाबाट सम्पादन गरिने विभिन्न कार्यहरूको सम्बन्धमा नगरपरिषदबाट निर्णय गर्नुपर्ने आवश्यक देखिएका विषयमा नगर परिषदको अधिकार प्रयोग गरी निर्णय गर्न कार्यकारी अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२**

यस नगरपालिकाको आगामि आ.व. २०७३/०७४को लागि स्वीकृत वार्षिक योजना, कार्यक्रम र बजेटमा उल्लेख भए अनुसार प्रस्तावित क्षेत्रका अनुदान बजेट प्राप्त थप घट हुनेगरि आउने भएमा स्वीकृत वार्षिक बजेट एवम् योजनालाई नगर परिषदको अधिकार प्रयोग गरी आवश्यक परिमार्जन एवम संसोधन गरी कार्यान्वियन गर्ने निर्णय गरियो । (अनुसूचि ५ मा समाबेश छ)

**निर्णय नं .३३**

स्थानिय स्वायत्त शासन ऐन २०५५ तथा स्थानिय स्वायत्त शासन नियमावली २०५६ र स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार त्रिपुर नगरपालिका क्षेत्रभित्र विविध विषयहरूमा विषयगत समिति तथा उपसमिति र अन्य आवश्यक समिति उपसमिति गठन गर्ने र नगरपरिषदद्वारा पारित विभिन्न विनियम तथा निर्देशिका संसोधन गर्ने लगायतका अधिकार न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय ३४**

त्रिपुर नगरपालिका क्षेत्रभित्र सामुदायिक तथा निजि आवासिय विद्यालय स्थापना गर्न सिफारिस माग भै आएमा विद्यालय स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

यस त्रिपुर नगरपालिकामा सेवा करारमा कार्यरत तपसिलका कर्मचारीहरूको वि.स २०७३ पौष बाट वि.स. २०७४ पौष मसान्त सम्मलाई म्याद थप गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | कर्मचारीको नाम थर | कार्यरत पद | कैफियत |
|---|---|---|---|
| १. | मधुसुदन खतिवडा | सव-इन्जिनियर | |
| २. | पदमबहादुर वि क | स.कम्प्यूटर अपरेटर | |
| ३. | ओपेन्द्र ओली | अमिन | |
| ४. | राजनकुमार गौतम | सहायक द्वतिय | |
| ५ | गिर बहादुर बस्नेत | सामाजिक परिचालक | (गाउविकास कार्यक्रम) |
| ६ | प्रकास ज्ञवाली | सामाजिक परिचालक | (दिगो विकास कार्यक्रम) |
| ७. | गिता डि.सी. | सहायक द्वितिय | |
| ८. | शारदा धिताल | सहायक प्रथम | |
| ९. | हुकुमबहादुर सिजवाल | सहायक प्रथम | |
| १०. | हिरालालचौधरी | हलुका सवारी चालक | |
| ११ | गुरु प्रसादवि. सी. | सहायक प्रथम | |

**निर्णय नं. ३६**

त्रिपुर नगरपालिकाका निम्नानुसारको दरबन्दी स्वीकृतीको लागि मन्त्रालय पठाउने निर्णय गरियो ।

तपशिल

| सि नं | सविकृत दरबन्दी | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्यकारी अधिकृत | १ | |
| २ | सामाजिक विकास अधिकृत | १ | |
| ३ | कार्यक्रम अधिकृत (LGCDP) | | १ |
| ४ | सिभिल इन्जिनियर | १ | |
| ५ | सिभिल इन्जिनियर (LGCDP) | | १ |
| ३ | सव इन्जिनियर | २ | |
| | लेखापाल | १ | |
| ५ | सहायक स्तर पाचौ | २ | |
| ८ | सहायक स्तर चौथो | १० | |
| ९ | अ.सव इन्जिनियर | २ | |
| १० | अमिन | १ | |
| ११ | सवारी चालक | १ | |
| १२ | कार्यालय सहयोगी | ५ | |
| १३ | जम्मा | २७ | २ |

**निर्णय नं. ३७**

कर्मचारी पदपूर्तिको लागि निम्नानुसारको कार्य योजना स्वीकृतीको गर्ने निर्णय गरियो ।

तपशिल

| सि नं | समय सिमा | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | २०७३ माघ | पाठ्यक्रम निर्धारण गर्ने | |
| २ | २०७३ फागुन | विज्ञापन प्रकाशन गर्ने | |
| ३ | २०७४ बैशाख | लिखित परिक्षा नतिजा प्रकासन सञ्चालन गर्ने | |
| ४ | २०७४ जेष्ठ | मौखिक परिक्षा / नतिजा प्रकासन | |
| ५ | २०७४ जेष्ठ | सिफारिस/ नियुक्ती | |

**निर्णय नं. ३८**

**आर्थिक वर्ष २०७३/७४ मा सामाजिक सुरक्षा भत्ता तथा औषधि उपचार खर्च प्राप्त गर्ने जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक अन्य एकल महिला विधवा महिला अन्य पुर्ण अपाग आंशिक अपाग भएका व्यक्ति लोपउन्मुख दलित बालबालिका औषधि उपचार खर्च पाउने विवरण**

**तपशिल**

| क्र.स. | विवरण | संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | जेष्ठ नागरिक दलित | १५५ | १३५ | २९० |
| २ | जेष्ठ नागरिक अन्य | ४५२ | ४४० | ८९२ |
| ३ | एकल महिला | ० | ० | ० |
| ४ | विधवा महिला | ९१४ | ० | ९१४ |
| ५ | पुर्ण अशक्त अपाङ्ग | १७ | १४ | ३१ |

| | | | | |
|---|---|---|---|---|
| ६ | आशिक अशक्त अपाङ्ग | १० | १२ | २२ |
| ७ | लोपउन्मुख आदिवासी | ३ | १ | ४ |
| ८ | दलित बालबालिका | १३९ | १२४ | २६३ |
| ९ | औषधी उपचार | ५०९ | ४८२ | ९९१ |
| १० | कुल जम्मा | २१९९ | १२०८ | ३४०७ |

**निर्णय नं. ३९**

आर्थिक वर्ष २०७४/७५ मा सामाजिक सुरक्षा भत्ता तथा औषधि उपचारक खर्च प्राप्त गर्ने जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक अन्य एकल महिला विधवा महिला अन्य पुर्ण अपाग आशिक अपाग भएका व्यक्ति लोपउन्मुख दलित बालबालिका औषधि उपचार खर्च पाउनको

**विवरण**

| क्र.स | विवरण | संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | जेष्ठ नागरिक दलित | १७५ | १५५ | ३३० |
| २ | जेष्ठ नागरिक अन्य | ४९३ | ५०० | ९९३ |
| ३ | एकल महिला | ०० | ० | ० |
| ४ | विधाव महिला | ९९५ | ० | ९९५ |
| ५ | पुर्ण अशक्त अपाङ | २५ | १७ | ४२ |
| ६ | आशिक अशक्त अपाङ | २३ | ३९ | ६२ |
| ७ | लोपउन्मुख आदिबासी जनजाति | ३ | १ | ४ |
| ८ | दलित बालबलिका | २०६ | १९० | ३९६ |
| ९ | औषधी उपचार | ५५८ | ५४८ | ११०६ |
| १० | कुल जम्मा | २४७८ | १४१५ | ३९२८ |

**निर्णय नं. ४०**

**त्रिपुर नगरपालिकाको नाममा नाप नक्सा भई दर्ता श्रेस्तामा कायम हुन नसकेको त्रिपुर नगरपालिका वडा नं. १ को जग्गा दर्ता गर्नका का लागि परिषद्को निर्णय सहित सम्बन्धीत निकायमा पठाउने निर्णय गरियो**

**निर्णय नं. ४१**

यस नगरपालिकाले वेरुजू शुन्य नीति लिएको अवस्थामा भविष्यमा हुन सक्ने र विगतमा लेखिएका वेरुजुलाई समयमा नै चेक जाच गरी वेरुजू फर्छ्यौट गर्ने र अबदेखि वेरुजु नआउने तरीकाबाट कार्य गर्न आवश्यक सल्लाह सुझाव लिने दिने तथा आर्थिक सैद्धान्तिक नियम कडाईका साथ पालना गराउने निर्णय गरियो।

**निर्णय नं. ४२**

नगरपालिकाको श्रोतवाट व्ययभार हुने जुनसुकै किसिमका योजना,कार्यक्रम तथा कार्यमा नगरपालिकाको पूर्व स्वीकृती लिनु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**

सुशासन, मितव्ययिता, पारदर्शिता तथा प्रभावकारीताको सिद्धान्तलाई अवलम्वन गर्दै नगरपालिका भित्र संचालन हुने भौतिक योजना तथा कार्यक्रमहरुको अनिवार्य रुपमा खर्चको सार्वजनिकीकरण तथा संचालनमा रहेका योजना तथा कार्यक्रममा अनुगमन गर्न खटिने पदाधिकारी,कर्मचारीहरुले तोकिए वमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्न अनिवार्य गर्ने निर्णय गरियो । अनुगमनको ढाचाँ त्रिपुर नगरपालिकाले तोके बामोजिम हुने छ

**निर्णय नं. ४४**

नेपाल सरकार कार्यसंचालन निर्देशिका,२०७० को परिच्छेद–७ मा उल्लेख भएको खर्चको मापदण्ड, नगरपालिकाको वजेट तर्जुमा आन्तरिक आय तथा स्थानीय आवश्यकता दररेटलाई आधार मानेर तयार गरीएको खर्चको मापदण्ड २०७३, यसै बर्ष २०७३ माघ देखि नगरपालिका र नगरपालिकको वजेट वाट व्ययभार हुने सबै संघ संस्थाले संचालन गर्ने कार्यक्रमहरुमा लागू गर्ने गराउने निर्णय गरियो । (मापदण्ड अनुसुचिमा ५ मा रहेको छ) ।

**निर्णय नं. ४५**

चालु आ.व.मै नेपाल सरकारवाट प्राप्त भई वितरण गरीने सामाजिक सुरक्षा भत्ता बापतको रकम लाभग्राहीहरुको नाममा बैंकमा खाता खोली वैंकिङ प्रणालीवाट वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६**

नेपाल सरकारको जनसहभागीताको नीति अनुसार योजना संचालन गर्दा उपभोक्ताहरुले जनसहभागिता वापतको १५ प्रतिशत नगदै रकम नगरपालिकाको खातामा जम्मा भएपछि मात्र योजना सम्झौता तथा कार्यान्वयनका प्रक्रिया शुरु गर्ने निर्णय गरियो । साथै नगर क्षेत्रपूर्वाधार विकास कार्यक्रम अर्न्तगत तोकिए बमोजिम प्रतिसत जनसहभागिता अनिबार्य रहेको कुरा समेत जानकारी गराईन्छ ।

**निर्णय नं. ४७**

नेपाल सरकारको आर्थिक वर्ष २०७३।०७४को बजेट भाषणमा पेश भएको निति तथा कार्यक्रममा कर्मचारी को तलब २०७२।०७३मा साविकमा खाईपाई आएको तलबको पच्चीस प्रतिशत वृद्धि गर्ने भनि उल्लेख भए अनुसार र नगरपालिकाको कार्य व्यस्ततालाई मध्यनजर गर्दै त्रिपुर नगरपालिका कार्यालय दाङमा कार्यरत स्थानिय निकाय तर्फका करारमा कार्यरत कर्मचारीहरुलाई पनि सोहि तलब स्केल वरावरको रकम प्रदान गर्ने निर्णय गरियो साथै सो वरावरको तलब आर्थिक वर्ष २०७३।०७४को पहिलो महिना श्रावण देखी नै लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३** त्रिपुर नगरपालिकामा कार्यरत नेपाल सरकार, स्थानिय निकाय तर्फका स्थायी, अस्थायीमा, करारमा, कार्यरत कर्मचारीहरुको तपशिल वमोजिमको तलबी प्रतिवेदन २०७३।०७४को लागी पारीत गर्ने निर्णय गरियो ।

| सि.न. | कर्मचारीको नाम, थर | पद | तलब | | | भत्ता | दुवै जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | तलब | ग्रेड | जम्मा | मासिक भत्ता | |
| १ | श्री लक्ष्मी बहकरी | खरिदार | २२१७० | १४७८ | २३६४८ | १००० | २४६४८ |
| २ | श्री मधुसुदन बस्नेत | प्रा.स. | २२१७० | २२१७ | २४३८७ | १००० | २५३८७ |
| ३ | श्री कुमारी गिता बस्नेत | खरिदार | २२१७० | २२१७ | २४३८७ | १००० | २५३८७ |
| ४ | श्री ठगेन्द्र ब. वली | का.स. द्धितिय | १७२३० | १७२२ | १८९५२ | १००० | १९९५२ |
| ५ | श्री एकराज अधिकारी | का.स. द्धितिय | १७२३० | १७२२ | १८९५२ | १००० | १९९५२ |
| ६ | श्री प्रेम बहादुर डि.सी. | का.स. द्धितिय | १७२३० | ११४८ | १८३७८ | १००० | १९३७८ |
| ७ | श्री डिल्ली बहादुर चौधरी | का.स. द्धितिय | १७२३० | ११४८ | १८३७८ | १००० | १९३७८ |
| ८ | मधुसुदन खतिवडा | सव ईन्जिनियर | २३५०० | ० | २३५०० | ० | २३५०० |
| ९ | पदम वि क | स क अ | २२१७० | ० | २२१७० | १००० | २३१७० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | ओपेन्द्र ओली | अमिन | २२१७० | ० | २२१७० | ० | २२१७० |
| ११ | हिरालाल चौधरी | ह स चा | १८३४० | ० | १८३४० | ० | १८३४० |
| १२ | राजन गौतम | का.स.द्धितिय | १७२३० | ० | १७२३० | १००० | १८२३० |
| १३ | गिता डि सी | का.स.द्धितिय | १७२३० | ० | १७२३० | १००० | १८२३० |
| १४ | सारदा धिताल | का.स. प्रथम | १६२३० | ० | १६२३० | १००० | १७२३० |
| १५ | हुकुम वहादुर सिजवाल | का.स. प्रथम | १६२३० | ० | १६२३० | १००० | १७२३० |
| १६ | गुरू प्रसाद वि सि | का.स. प्रथम | १६२३० | ० | १६२३० | ० | १६२३० |

**निर्णय नं. ४८**

सडक सम्बन्धि योजनाको इस्टिमेट मा नै वृक्षरोपण गर्न कुल बजेट को १.५ प्रतिशत रकम छुट्याइने र ती वृक्षरोपण गरी विरुवा हुर्काएर ३ मिटर उचाइ पुर्याए पछी त्यैही बाटोको विकासमा खर्च गर्नको लागी ३ मिटर उचाइ पुगेका प्रतिविरुवा रु २०००/ अनुदान स्वरुप उपलब्ध गराउने निति यसै आ.व देखि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

नगर परिषदबाट छनौट भएका ठुला भौतिक पूर्वाधारका योजनाहरु सम्भाव्यता अध्यन गर्दा, अनावश्यक खर्च देखिने, आर्थिक प्रविधिक सामाजिक र भौगोलिक रुपले योजना संचालन वा समन्वय हुन नसक्ने भएमा सोही क्षेत्रको योजनाको ( सडक भए सडक सिंचाई भए सिंचाई) दोस्रो प्रथामिकताको क्षेत्रमा लगानी गर्न नगरपालिका वोर्ड बैठकले गरे अनुसार हुने निर्णय गरियो ।

**निर्णय नं. ५०**

नगरपालिकाको कार्य सम्पादनमा सहयोग पु-याउने नेपाल सरकार, राजनैतिक दलहरू, नागरिक समाज, निजी क्षेत्र, पत्रकार, सरकारी तथा गैर सरकारी संघ संस्था लगायत सम्पूर्ण नगरवासी महानुभावहरूलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ५१**

नगरपालिकाले सार्वजनिक निजि साझेदारी क्षेत्रहरू पहिचान गरी उपरोक्त अनुसारक नगर विकास कार्यक्रमहरू गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ५२**

व्यवसाय करलाई उद्योग बाणिज्य संघ संग समन्वय गरी अभियानको रूपमा अघी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५३**

पसल तथा विभिन्न व्यवसायहरूको अनुगमन गरी कृषिजन्य उत्पादन मासु फलफुल पसलहरूको नगरस्तरीय अनुगमन समिति गठन गरी चौमासिक रूपमा बजार अनुगमन गर्ने र सोको प्रतिवेदन नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

नेपाल सरकारको प्रचलित ऐन कानुन र नेपाल सरकारले राष्ट्रिय अभियानहरूको विषयमा निर्णय हुन छुट भएका विषयहरूमा नियम बमोजिम नै हुनेकुरामा सवैलाई स्पष्ट हुन जानकारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५५**

नगरपालिकाको सुपरिवेक्षण तथा अनुगमन समिति स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद - ५ को बुदाँ नं २ मा व्यवस्था भए बमोजिम नै गठन र समितिको काम कर्तब्य अधिकार हुने निर्णय गरियो ।

**निर्णय नं. ५६**

आ.व. ०७२/०७३ को दोश्रो नगर परिषद्बाट जिल्ला विकास समितिमा र केन्द्रमा माग गर्ने भनी निर्णय भएका र हालसम्म सम्बोधन, सम्पन्न नभएका सबै योजना तथा कार्यक्रमहरु आ.व. ०७४/०७५को लागि पनि तत् तत् निकायमा पुनः माग गरी पठाउने निर्णय गरियो ।

**उल्लेखित ५६ वटा निर्णयहरु गर्दै त्रिपुर नगरपालिकाको तेस्रो नगरपरिषद् वैठक सौहार्दपूर्ण वातावरणमा सु-सम्पन्न गरियो । इति सम्बत् २०७३ षौष १९ गते रोज ३ मा शुभ्म !**

***समाप्त***